नेपाल राष्ट्र बैंक समाचार

वर्ष ४४ | अङ्क ४ | नेपाल राष्ट्र बैंक समाचार | पुस २०७६ | डिसेम्बर-जनवरी २०१९-२०

# जनशक्ति विकास योजना सम्बन्धी अन्तरक्रिया




जनशक्ति व्यवस्थापन विभागले प्रस्तावित 'जनशक्ति विकास योजना (२०७६/७७ - २०८०/८१)' का सम्बन्धमा २०७६ मंसिर ६ र ७ गते काठमाडौंमा एक अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

गभर्नर डा.चिरंजीवि नेपालको प्रमुख आतिथ्यमा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो । सो अवसरमा गभर्नर डा.नेपालले राष्ट्र बैंकका कर्मचारीले थप पेशागत दक्षता हासिल गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो । उहाँले भन्नुभयो, "संसारका जुनसुकै मुलुकमा केन्द्रीय बैंक प्रभावशाली निकाय मानिन्छ । यस्तो निकायका कर्मचारीमा विशेष दक्षता हुनैपर्छ ।"

राष्ट्र बैंकका कर्मचारीको पेशागत क्षमता विकासलाई बैंकले सधैं प्राथमिकतामा राखेको उहाँको भनाइ थियो। "क्षमता विकासको लागि बैंकले कर्मचारीलाई स्वदेशी र विदेशी तालिमको अवसरलाई प्राथमिकता दिएको छ । हाम्रा कर्मचारी पनि विकसित मुलुकको कर्मचारी सरह दक्ष र क्षमतावान होउन् भन्ने हाम्रो अपेक्षा हो" गभर्नर डा.नेपालले भन्नुभयो। प्रस्तावित जनशक्ति विकास योजनाले राष्ट्र बैंकको जनशक्ति व्यवस्थापन प्रक्रियालाई थप प्रभावकारी तुल्याउने विश्वास उहाँले व्यक्त गर्नुभयो ।

कार्यक्रममा जनशक्ति व्यवस्थापन विभागका कार्यकारी निर्देशक पिताम्बर भण्डारीले प्रस्तावित 'जनशक्ति विकास योजना (२०७६/७७ - २०८०/८१)' को सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभयो। कार्यपत्रमा योजनाको उद्देश्य, विशेषता, प्रस्तावित विभागीय संरचना, तिनका कार्यहरू, जनशक्ति विश्लेषण, प्रक्षेपण तथा दरबन्दी निर्धारण र उत्तराधिकार योजना लगायतका विषयवस्तु समेटिएको थियो ।

कार्यक्रमको दोस्रो दिन जनशक्ति विकास योजनाको मस्यौदामाथि छलफल भयो। सो अवसरमा विभिन्न विभाग, कार्यालय, महाशाखा र इकाईका प्रमुखहरूले आफ्नो विभाग/कार्यालयसँग सम्बन्धित प्रस्तावित संगठन संरचना, दरबन्दीको विषयमा धारणा राख्दै सुझाव दिनुभयो । यसैगरी, राष्ट्र बैंकसँग सम्बद्ध विभिन्न कर्मचारी युनियनका अध्यक्षहरूले समेत प्रस्तावित जनशक्ति विकास योजनाका सम्बन्धमा आ-आफ्नो सुझाव राख्नुभएको थियो । डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले छलफल सत्रको सहजीकरण गर्नुभएको थियो ।

कार्यक्रममा बैंकका सञ्चालक एवं जनशक्ति विकास योजना निर्माण उच्चस्तरीय समितिका संयोजक रामजी रेग्मीले अन्तरक्रियाबाट महत्वपूर्ण र

सान्दर्भिक सुझाव प्राप्त भएको उल्लेख गर्दै सोही सुझावका आधारमा जनशक्ति विकास योजनालाई परिमार्जन गरी अन्तिम रूप दिइने जानकारी दिनुभयो । सो अवसरमा डेपुटी गभर्नर शिवाकोटीले अन्तरक्रिया कार्यक्रम सार्थक बनेको उल्लेख गर्दै अन्तिम सुझाव लिखित रूपमा अविलम्ब पेश गर्न विभागीय प्रमुखहरूलाई निर्देशन दिनुभयो ।

कार्यक्रममा बैंकका सञ्चालक डा.सुबोधकुमार कर्णले सञ्चालक समितिबाट जनशक्ति विकास योजना स्वीकृति भएपछि राष्ट्र बैंकको केन्द्रीय र प्रादेशिक तहको काम कारवाहीमा थप प्रभावकारिता आउने विश्वास व्यक्त गर्नुभयो । सो अवसरमा त्रिभुवन विश्वविद्यालयका प्राध्यापक एवं जनशक्ति विकास योजना उप-समितिका सदस्य डा.ध्रुवकुमार भट्टराईले प्रस्तावित योजनामाथि आफ्नो धारणा राख्नुभएको थियो ।

कार्यक्रममा जनशक्ति व्यवस्थापन विभागका निर्देशक तुलसीप्रसाद घिमिरेले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभएको थियो । विभागका अर्का निर्देशक बुद्धराज शर्माले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

नेपाल राष्ट्र बैंक स्थापनाको ६४ वर्षपछि बैंकले पहिलो पटक जनशक्ति विकास योजना ल्याउन लागिएको हो । उक्त योजना तर्जुमाको निम्ति २०७५ कात्तिक १९ गते बैंकका सञ्चालक रामजी रेग्मीको संयोजकत्वमा आठ सदस्यीय जनशक्ति विकास योजना निर्माण उच्चस्तरीय समिति गठन गरिएको थियो ।

प्रस्तावित जनशक्ति विकास योजनामा बैंकमा विद्यमान जनशक्तिको आगामी पाँच वर्षको निम्ति तहगत प्रक्षेपण, विभाग/कार्यालयको एकीकरण, नामाकरण, कार्य विवरण गैर वित्तीय संस्थाको सुपरिवेक्षणको निम्ति अलग विभागको गठनको प्रस्ताव, बैंकर्स प्रशिक्षण केन्द्रको स्तरोन्नति, जिल्लास्थित कार्यालयलाई प्रादेशिक स्तरमा रूपान्तरण, उत्तराधिकार योजना, कार्यप्रकृतिको आधारमा सेवाको वर्गीकरण लगायतका विषयवस्तुलाई समेटिएको छ ।

# नेपालमै उद्यमशीलताको प्रशस्त सम्भावना : गभर्नर डा. नेपाल

गभर्नर डा.चिरंजीबि नेपालले स्वदेशमै उद्यमशीलताको प्रशस्त सम्भावना रहेको बताउनुभएको छ । मिडिया इन्टरनेशनलद्वारा २०७६ मंसिर १ गते काठमाडौंमा आयोजित तेस्रो बैंकिङ एक्स्पोको उद्घाटनका अवसरमा उहाँले सो कुरा बताउनुभएको छ ।

गभर्नर डा.नेपालले उद्यमशीलता विकासको सम्भावना रहेर पनि नेपालले त्यसको उपयोग गर्न नसकेको बताउनुभयो । उहाँले भन्नुभयो, "वित्तीय संस्थाको विस्तारसँगै वित्तीय पहुँच पनि बढ्दैछ । वित्तीय सेवा लिएर उद्यमशीलता विकास गर्ने ठूलो अवसर यहाँ छ । तर यसको उपयोग हामीले गर्न सकेनौं ।" वित्तीय चेतनाको स्तर अझै विस्तार गर्नुपर्ने आवश्यकतामा गभर्नर डा.नेपालले जोड दिनुभयो ।

कार्यक्रममा नेपाल धितोपत्र बोर्डका कार्यबाहक अध्यक्ष परिष्टनाथ पौड्यालले वित्तीय सचेतना वृद्धिमा बैंकिङ एक्स्पो जस्ता कार्यक्रमहरू प्रभावकारी हुने विचार



व्यक्त गर्नुभयो । सो अवसरमा नेपाल बैंकर्स एसोसिएसनका सदस्य एवं प्रभु बैंकका प्रमुख कार्यकारी अधिकृत अशोक शेरचन, डेभलपमेन्ट बैंकर्स एसोसिएसन अफ नेपालका महासचिव मनोजकुमार ज्ञवाली, नेपाल लघुवित्त संघका अध्यक्ष वसन्तराज लम्साल लगायतले मन्तव्य राख्नुभएको थियो ।

दुई दिनसम्म जारी बैंकिङ एक्स्पोमा बैंक तथा वित्तीय संस्था, वीमा, पुँजीबजार क्षेत्रसँग सम्बन्धित जानकारीहरू समेटिएको ४८ वटा स्टलहरू राखिएका थिए । मंसिर २ गते आयोजित कार्यक्रममा डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले उक्त एक्स्पोको समापन गर्नुभएको थियो ।

# सहुलियतपूर्ण कर्जासम्बन्धी निर्देशन

नेपाल राष्ट्र बैंकले तोकिएको संख्यामा अनिवार्य रूपमा सहुलियतपूर्ण कर्जा उपलब्ध गराउन बैंक तथा वित्तीय संस्थाहरूलाई निर्देशन दिएको छ ।

बैंक तथा वित्तीय संस्था नियमन विभागले २०७६ मंसिर ११ गते एक परिपत्र जारी गर्दै यस्तो निर्देशन दिएको हो । बैंकले 'सहुलियतपूर्ण कर्जाको निम्ति ब्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि, २०७५' मा उल्लेखित सात किसिमका कर्जामध्ये व्यावसायिक कृषि तथा पशुपंक्षी कर्जा बाहेकका अन्य शीर्षकमा निश्चित संख्या तोकेरै कर्जा उपलब्ध गराउन निर्देशन दिएको छ । बैंकको निर्देशन अनुसार, २०७७ असार मसान्तसम्म बाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीले क्रमशः ५००, २०० र १०० वटा सहुलियतपूर्ण कर्जा प्रवाह गर्नुपर्नेछ । यस्तो कर्जा प्रवाह गर्दा ग्रामीण इलाकालाई प्रथमिकतामा राख्न समेत राष्ट्र बैंकले निर्देशन दिएको छ ।

# अध्यक्ष अधिकारीद्वारा गभर्नर डा. नेपालसमक्ष सपथ

गभर्नर डा.चिरंजीबि नेपालले राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका नवनिर्वाचित अध्यक्ष निर्मलहरि अधिकारीलाई २०७६ मंसिर १६ गते पद तथा गोपनियताको शपथ ग्रहण गराउनुभयो । शपथ ग्रहणपछि गभर्नर नेपालले अध्यक्ष अधिकारीलाई सफल कार्यकालको निम्ति शुभकामना दिनुभयो ।



राष्ट्रिय वाणिज्य बैंक सञ्चालक समितिको २०७६ मंसिर १५ गते बसेको २३१७ औं बैठकले अधिकारीलाई अध्यक्ष चयन गरेको थियो । उहाँलाई अर्थ मन्त्रालयले २०७६ कात्तिक २६ गते सञ्चालक समितिको सदस्यमा नियुक्त गरेको थियो । अधिकारीको कार्यकाल चार वर्षको हुनेछ । बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १४ (५) मा सञ्चालकले आफूमध्ये बहुमतबाट छानेको व्यक्ति सञ्चालक समितिको अध्यक्ष हुने व्यवस्था छ ।

शपथ ग्रहण कार्यक्रममा डेपुटी गभर्नर चिन्तामणि शिवाकोटी, बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक देवकुमार ढकाल, गभर्नरको कार्यालयका निर्देशक गोविन्दप्रसाद नागिला तथा राष्ट्रिय वाणिज्य बैंकका पदाधिकारीहरूको उपस्थिति थियो ।

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १२७ मा बैंक तथा वित्तीय संस्थाका सञ्चालक, पदाधिकारी, कार्यकारी प्रमुखले राष्ट्र बैंक समक्ष पद तथा गोपनीयताको शपथ लिनुपर्ने व्यवस्था छ ।

# आपसी सहयोग सहकारीको अठ्ठाइसौं साधारणसभा सम्पन्न

नेपाल राष्ट्र बैंकका बहालवाला र अवकाशप्राप्त कर्मचारीहरू आबद्ध आपसी सहयोग बचत तथा ऋण सहकारी संस्था लिमिटेडको अट्ठाइसौं वार्षिक साधारणसभा २०७६ मंसिर २१ गते काठमाडौंमा सम्पन्न भएको छ ।

बालुवाटारस्थित राष्ट्र बैंक परिसरमा आयोजित साधारणसभाको उद्घाटन गभर्नर डा.चिरंजीबि नेपालले गर्नुभयो । सो अवसरमा गभर्नर डा.नेपालले सहकारीका गतिविधिको प्रशंसा गर्दै आपसी सहयोग बचत तथा ऋण सहकारी संस्थाले बहालवाला र पूर्व कर्मचारीहरूबीच 'मिलन केन्द्र'को भूमिका निर्वाह गरेको धारणा व्यक्त गर्नुभयो । नेपालको संविधानमै सहकारीलाई अर्थतन्त्रको तेस्रो खम्बाको रूपमा स्थापित गरिएको उल्लेख गर्दै उहाँले सहकारी क्षेत्रलाई प्रश्रय दिनुपर्ने आवश्यकता औंल्याउनुभयो । सो अवसरमा गभर्नर डा.नेपालले संस्थाको स्थापना र विकासमा महत्वपूर्ण योगदान दिएबापत संस्थाका संस्थापक अध्यक्ष श्यामबहादुर श्रेष्ठलाई दोसल्ला ओढाएर सम्मानपत्र प्रदान गर्नुभयो ।



सो अवसरमा अध्यक्ष दीपक पोखरेलले संस्थाको आर्थिक वर्ष २०७६/७७ को वार्षिक प्रतिवेदन, कोषाध्यक्ष रागनी सिंहले आर्थिक प्रतिवेदन, उपाध्यक्ष एवं ऋण समितिका संयोजक सुशिल ज्ञवालीले ऋण समितिको प्रतिवेदन र लेखा समितिका संयोजक अशोककुमार राईले आन्तरिक लेखापरीक्षण प्रतिवेदन प्रस्तुत गर्नुभयो ।

सो अवसरमा डेपुटी गभर्नर चिन्तामणि शिवाकोटी, नेपाल राष्ट्र बैंकका पूर्व कार्यकारी निर्देशक माधवप्रसाद भट्ट, आपसी सहयोग सहकारी संस्थाका पूर्व अध्यक्षहरू अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो । साधारण सभामा संस्थाका कुल ९९० सदस्यमध्ये ५७७ जनाको उपस्थिति रहेको थियो ।

कार्यक्रममा सञ्चालक समितिका सदस्य कमला अर्यालले स्वागत मन्तव्य राख्नुभयो भने सचिव युवराज दाहालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । कार्यक्रम संस्थाका अध्यक्ष दीपक पोखरेलको अध्यक्षतामा सम्पन्न भएको थियो ।

# सुपरिवेक्षण विभागहरूसँग अन्तरक्रिया

नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभागले 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको 'एकीकृत निर्देशन-२०७६' को व्यवस्थाका सम्बन्धमा सुपरिवेक्षण विभागहरूसँग २०७६ मंसिर १३ गते काठमाडौंमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

एकीकृत निर्देशनमा भएको पछिल्लो संशोधन र परिमार्जनको सन्दर्भमा सम्बद्ध विभागका अधिकारीहरूलाई जानकारी दिने र स्पष्ट तुल्याउने उद्देश्यले उक्त कार्यक्रम आयोजना गरिएको हो । सो अवसरमा नियमन विभागका निर्देशक किरण पण्डितले बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशनमा भएको संशोधन/परिमार्जनका विषयमा कार्यपत्र प्रस्तुत गर्दै संशोधन/परिमार्जनको औचित्यबारे प्रकाश पार्नुभयो ।

कार्यक्रममा डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले नियमन विभागबाट जारी भएका नीतिगत निर्देशनमा भएका द्विविधालाई स्पष्ट पार्ने र निर्देशनको कार्यान्वयनमा देखिएका



कमजोरीलाई सुधार गर्न पृष्ठपोषण प्राप्त गर्ने सन्दर्भमा उक्त कार्यक्रम महत्वपूर्ण हुने विश्वास व्यक्त गर्नुभयो । सो अवसरमा नियमन विभागका कार्यकारी निर्देशक देवकुमार ढकालले सहभागीहरूबाट उठेका जिज्ञासाको जवाफ दिनुभयो ।

कार्यक्रममा बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक मुकुन्दकुमार क्षेत्री, विकास बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक ऋषिकेश भट्ट, वित्त कम्पनी सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक सुनिल उदास लगायत नियमन, बैंक, विकास बैंक र वित्त कम्पनी सुपरिवेक्षण विभागका ५५ जना अधिकृतहरूको सहभागिता थियो ।

सो अवसरमा नियमन विभागका का.मु. निर्देशक वीरेन्द्रदत्त अवस्थीले कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो । विभागका उप-निर्देशक केशवप्रसाद तिमिल्सिनाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# वित्तीय संस्थाका प्रमुख वित्त अधिकृतहरूसँग अन्तरक्रिया सम्पन्न

बैंक तथा वित्तीय संस्था नियमन विभागले २०७६ मंसिर १० गते काठमाडौंमा 'ख' र 'ग' बर्गका वित्तीय संस्थाका प्रमुख वित्त अधिकृतहरूसँग Nepal Financial Reporting Standards (NFRSs) को कार्यान्वयनमा देखिएका समस्याको सम्बन्धमा एक दिने अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो । NFRSs बमोजिम वित्तीय विवरण तयार गर्ने क्रममा देखापरेका समस्याका सम्बन्धमा उक्त कार्यक्रम केन्द्रित थियो ।

कार्यक्रममा बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक मुकुन्दकुमार क्षेत्रीले 'Issues on NFRSs Compliant Financial Statements' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । यस क्रममा उहाँले NFRSs तथा राष्ट्र बैंकको निर्देशनमा रहेको अन्तर लगायत यसको कार्यान्वयनबाट प्राप्त हुने लाभका विषयमा जानकारी दिनुभयो । सो अवसरमा आन्तरिक लेखापरीक्षण विभागका सहायक निर्देशक जगदीश कुमारले 'NFRS Implementation Challenges & Way Forward' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । साथै, उहाँहरूले सहभागीको तर्फबाट राखिएका जिज्ञासाको जवाफ समेत दिनुभएको थियो ।

कार्यक्रममा नियमन विभागका कार्यकारी निर्देशक देवकुमार ढकालले सबै वर्गका बैंक तथा वित्तीय संस्थाले NFRSs बमोजिम वित्तीय विवरण तयार गर्नुपर्ने उल्लेख गर्दै उक्त विवरण तयारीमा देखापरेका समस्या समाधानको लागि सो कार्यक्रम फलदायी रहने विश्वास व्यक्त गर्नुभयो ।

सो अवसरमा वित्त कम्पनी सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक सुनिल उदास, विकास बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक ऋषिकेश भट्ट, नियमन, विकास बैंक सुपरिवेक्षण, वित्त कम्पनी सुपरिवेक्षण विभागका अधिकारी तथा 'ख' र 'ग' वर्गका वित्तीय संस्थाका प्रमुख वित्त अधिकृतहरूको उपस्थिति थियो ।

कार्यक्रममा नियमन विभागका का.मु. निर्देशक वीरेन्द्रदत्त अवस्थीले अन्तरक्रिया कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो भने उप-निर्देशक केशवप्रसाद तिमिल्सिनाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।



# BOK-KPP, 2019 कार्यक्रमको अन्तिम सेमिनार सम्पन्न

बैंक अफ कोरिया र नेपाल राष्ट्र बैंकको संयुक्त प्रयासमा सञ्चालित 'Bank of Korea - Knowledge Partnership Program (BOK-KPP), 2019' कार्यक्रमको अन्तिम सेमिनार सम्पन्न भएको छ। २०७६ मंसिर १८ गते पोखरामा उक्त सेमिनार सम्पन्न भएको हो ।

कार्यक्रममा नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालयका कार्यकारी निर्देशक डा.नेफिल मातङ्गि मास्के र बैंक अफ कोरियाका पूर्व डेपुटी गभर्नर ज्याचुन किमले स्वागत मन्तव्य राख्दै BOK-KPP कार्यक्रम उपलब्धि र प्रभावकारिताको विषयमा आ-आफ्नो धारणा राख्नुभयो । सो अवसरमा कोरिया युनिभर्सिटीका प्राध्यापक डा.चुङ ल्योल लीले BOK-KPP, 2019 कार्यक्रमको समग्र पक्षबारे प्रकाश पार्नुभयो ।

कार्यक्रममा योन्सेई युनिभर्सिटीका प्राध्यापक डा.जुन मो याङले 'वित्तीय समावेशीकरण र साक्षरता कार्यक्रमको विकास' र कोरिया युनिभर्सिटीका प्राध्यापक डा.म्युङ की किमले 'वित्तीय प्रविधि तथा वित्तीय समावेशीकरण र साक्षरता' को सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभयो । साथै, कोरिया युनिभर्सिटीका प्राध्यापकद्वय डा.चुङ ल्योल ली र कीवान किमले 'नेपालको वित्तीय समावेशीकरण सूचकाङ्क निर्माण' विषयक




कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक डा.प्रकाशकुमार श्रेष्ठले कार्यक्रममा प्रस्तुत कार्यपत्रमाथि टिप्पणी गर्दै नेपालको प्रादेशिक संरचनाका आधारमा वित्तीय साक्षरता र समावेशीकरणका कार्यक्रमहरू केन्द्रित हुनुपर्ने आवश्यकतामा जोड दिनुभयो ।

सो अवसरमा डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले समापन मन्तव्य राख्दै BOK-KPP कार्यक्रमको सञ्चालनसँगै नेपाल राष्ट्र बैंक र बैंक अफ कोरियाबीचको दुईपक्षीय सम्बन्धलाई थप सुदृढ तुल्याएको विचार व्यक्त गर्नुभयो। साथै, आउँदा दिनमा दुई बैंकबीचको सहकार्य विस्तार हुँदै जाने विश्वास उहाँले व्यक्त गर्नुभयो ।

BOK-KPP, 2019 कार्यक्रम नेपालको वित्तीय समावेशीकरण/वित्तीय साक्षरता र सो सम्बन्धी नीति तथा कार्यक्रमको अध्ययन/अनुसन्धानमा केन्द्रित थियो । अन्तिम सेमिनारमा प्राप्त सुझावको आधारमा संयुक्त अध्ययन टोलीले नेपाल राष्ट्र बैंकसमक्ष नीतिगत सुझावसहितको अन्तिम प्रतिवेदन प्रस्तुत गर्ने जनाइएको छ ।

# वीरगञ्जमा आर्थिक तथा बैंकिङ गतिविधि सम्बन्धी अन्तरक्रिया

नेपाल राष्ट्र बैंक, वीरगञ्ज कार्यालयले २०७६ मंसिर २७ गते वीरगञ्जमा 'समसामयिक आर्थिक तथा बैंकिङ गतिविधि' सम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो। डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीको प्रमुख आतिथ्यमा उक्त कार्यक्रम आयोजना गरिएको हो ।

सो अवसरमा डेपुटी गभर्नर शिवाकोटीले अर्थतन्त्रको विद्यमान अवस्था र परिसूचकहरू सन्तोषजनक रहेको उल्लेख गर्दै सुधारको उक्त प्रयासलाई निरन्तरता दिनुपर्ने आवश्यकता औंल्याउनुभयो । अर्थतन्त्रका विभिन्न क्षेत्रले कुशलतापूर्वक काम गरेमा मात्र मुलुक समृद्धितर्फ अग्रसर रहने उहाँको भनाइ थियो। कार्यक्रममा बैंक तथा वित्तीय संस्था नियमन विभागका निर्देशक किरण पण्डितले समसामयिक आर्थिक तथा बैंकिङ विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।




कार्यक्रममा वीरगञ्जस्थित उद्योगी, व्यवसायी, वाणिज्य बैंकका प्रादेशिक प्रमुख तथा नेपाल राष्ट्र बैंक, वीरगञ्ज कार्यालयका कर्मचारीहरूको उपस्थिति थियो । कार्यक्रममा वीरगञ्ज कार्यालयका सहायक निर्देशक प्रतिभा थापाले आगामी दिनमा हुने अनुसन्धान कार्यक्रमबारे जानकारी दिँदै त्यसमा सहयोग गर्न सरोकारवालाहरूसँग आग्रह गर्नुभयो ।

कार्यक्रममा वीरगञ्ज कार्यालयका निर्देशक राजनविक्रम थापाले धन्यवाद मन्तव्य राख्दै यस्ता कार्यक्रमलाई आगामी दिनमा पनि निरन्तरता दिइने जानकारी दिनुभयो। कार्यक्रममा वीरगञ्ज कार्यालयका उप-निर्देशक केशवप्रसाद रिमालले स्वागत मन्तव्य राख्नुभयो भने सहायक निर्देशक विनय केशरीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# विकास बैंकका अध्यक्ष तथा सञ्चालकहरूसँग अन्तरक्रिया

नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभागले मिति २०७६ मंसिर २५ गते विकास बैंकका सञ्चालक समितिका अध्यक्ष तथा सञ्चालकहरूसँग 'संस्थागत सुशासन, सम्पत्ति शुद्धीकरण तथा जोखिम व्यवस्थापन' सम्बन्धमा काठमाडौंमा एक अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

कार्यक्रममा डेपुटी गभर्नर चिन्तामणि सिवाकोटीले निर्दिष्ट ऐन/नियम र राष्ट्र बैंकले जारी गरेका नीतिगत निर्देशनको पालनाप्रति बैंक तथा वित्तीय संस्थाहरू प्रतिबद्ध रहनुपर्ने विचार व्यक्त गर्नुभयो । साथै, उहाँले बैंकिङ क्षेत्रमा सूचना प्रविधिसम्बन्धी जोखिम बढ्दै गएको उल्लेख गर्दै सबल सूचना पद्धतिको अवलम्बन गरी जोखिम न्यूनीकरणमा केन्द्रित रहन आग्रह गर्नुभयो ।

सो अवसरमा बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक देवकुमार ढकालले 'संस्थागत सुशासन', विकास बैंक सुपरिवेक्षण विभागका निर्देशकद्वय रामबहादुर मानन्धर र विमलराज खनालले 'सम्पत्ति शुद्धीकरण तथा जोखिम व्यवस्थापन' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यक्रममा विभिन्न विकास बैंकका अध्यक्ष तथा सञ्चालकहरूले संस्थागत सुशासन र सम्पत्ति शुद्धीकरण तथा जोखिम व्यवस्थापन लगायत अन्य विषयमा संस्थामा आइपरेका व्यावहारिक कठिनाईका बारेमा विभिन्न जिज्ञासा राख्नुभएको थियो ।



बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक देवकुमार ढकाल, बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक मकुन्दकुमार क्षेत्री, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक डा.प्रकाशकुमार श्रेष्ठ, कानून महाशाखाका निर्देशक रेवतीप्रसाद नेपाल लगायतले जिज्ञासाको जवाफ दिनुभएको थियो । विकास बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक ऋषिकेश भट्टले सहभागी सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

कार्यक्रममा विदेशी विनिमय व्यवस्थापन विभागका का.मु. कार्यकारी निर्देशक गुरूप्रसाद पौडेल, वित्त कम्पनी सुपरिवेक्षण विभागका का.मु. कार्यकारी निर्देशक विनोदराज आचार्य, कानून महाशाखाका निर्देशक रेवतीप्रसाद नेपाल लगायतका अधिकारीहरूको उपस्थिति थियो । प्रत्येक विकास बैंकका तर्फबाट अध्यक्ष र एक जना सञ्चालक (जोखिम/सम्पत्ति शुद्धीकरण समितिका संयोजक) को उपस्थिति थियो ।

कार्यक्रममा विकास बैंक सुपरिवेक्षण विभागका निर्देशक रामबहादुर मानन्धरले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो भने उप-निर्देशक मिना कुँवर कालिकोटेले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# डेपुटी गभर्नर शिवाकोटीद्वारा बिफिनको कार्यक्रम उद्घाटन

डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले बैकिङ फाइनान्स एण्ड इन्स्योरेन्स इन्टिच्युट अफ नेपाल (बिफिन) द्वारा २०६७ मंसिर ४ गते काठमाडौंमा आयोजित 'MFIs Board of Directors & Management Consortium 2019' विषयक सम्मेलनको उद्घाटन गर्नुभयो ।



सो अवसरमा डेपुटी गभर्नर शिवाकोटीले लघुवित्त वित्तीय संस्थाका सञ्चालक र प्रमुख कार्यकारी अधिकृतहरूलाई लक्षित गरी उक्त सम्मेलन आयोजना गरेकोमा बिफिनलाई धन्यवाद दिनुभयो । साथै उहाँले पछिल्लो तीन दशकमा नेपालको वित्तीय क्षेत्रमा उल्लेख्य परिवर्तन र विस्तार भएको धारणा राख्नुभयो ।

नेपालमा वित्तीय पहुँच विस्तारको सन्दर्भमा लघुवित्त संस्थाले ठूलो योगदान दिएको उल्लेख गर्दै डेपुटी गभर्नर शिवाकोटीले लघुवित्त संस्थालाई थप सबल र सशक्त तुल्याउन राष्ट्र बैंकले मर्जरलाई प्राथमिकता दिएको जानकारी दिनुभयो ।

एक दिनसम्म चलेको उक्त सम्मेलनमा नेपाल, भारत र बंगलादेशको लघुवित्त क्षेत्रका प्रतिनिधिहरूको सहभागिता थियो ।

# भरतपुरमा विदेशी मुद्रा कारोबार सम्बन्धी अन्तरक्रिया सम्पन्न

नेपाल राष्ट्र बैंक, वीरगञ्ज कार्यालयले २०७६ मंसिर ३ गते चितवनको भरतपुरमा 'विदेशी मुद्रा कारोबार: विद्यमान व्यवस्था, समस्या र चुनौतीहरू' विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो । विदेशी विनिमय व्यवस्थापन विभागको समन्वयमा वीरगञ्ज कार्यालयले उक्त कार्यक्रम आयोजना गरेको हो । विभागका कार्यकारी निर्देशक सरिता भट्ट अधिकारीको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रमको सभापतित्व वीरगञ्ज कार्यालयका निर्देशक राजनविक्रम थापाले गर्नुभएको थियो । कार्यक्रममा चितवनस्थित विदेशी मुद्रा कारोबार गर्ने बैंक तथा वित्तीय संस्था, मनिचेञ्जर, ट्राभल एण्ड टुर्स, होटेल, उद्योग वाणिज्य संघ, क्षेत्रीय होटल संघ लगायत अन्य सरोकारवाला निकायका प्रतिनिधिसहित ५६ जनाको सहभागिता थियो ।



कार्यक्रममा विदेशी विनिमय व्यवस्थापन विभागका का.मु. निर्देशक रमेश आचार्यले विदेशी मुद्रा कारोबारका विद्यमान व्यवस्था, समस्या र चुनौतीहरू समेटिएको कार्यपत्र प्रस्तुत गर्नुभयो । सो अवसरमा विभागका कार्यकारी निर्देशक सरिता भट्ट अधिकारीले समग्र नेपाली अर्थतन्त्रमा विदेशी मुद्राको स्थिति, जोखिम तथा सम्भावनाहरू र यसको प्रभावबारे मन्तव्य राख्नुभयो । यसैगरी, वीरगञ्ज कार्यालयका निर्देशक राजनविक्रम थापाले अनौपचारिक क्षेत्रबाट हुनसक्ने विदेशी मुद्राको कारोबार नियन्त्रण गर्न सरोकारका सबै पक्षबाट सहयोग हुनुपर्ने धारणा राख्नुभएको थियो ।

कार्यक्रममा उहाँहरूले सहभागीको तर्फबाट राखिएका जिज्ञासाको जवाफ समेत दिनुभएको थियो । विदेशी मुद्राको कारोबारका सम्भावित जोखिम र यसको समाधानका उपायका बारेमा सचेतना अभिवृद्धि गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको वीरगञ्ज कार्यालयले जनाएको छ ।

कार्यक्रममा वीरगञ्ज कार्यालयका उप-निर्देशक केशवप्रसाद रिमालले स्वागत मन्तव्य राख्नुभयो भने सहायक निर्देशक अमिष शर्माले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागद्वारा अनुशिक्षण आयोजना

नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागले 'घ' वर्गका वित्तीय संस्थालाई जारी गरिएको निर्देशन, प्रचलित कानूनी व्यवस्था र सुपरिवेक्षकीय विषयवस्तुमा केन्द्रित रहेर २०७६ मंसिर १३ गते काठमाडौंमा अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो । कार्यक्रममा विभागका कर्मचारीहरूको सहभागिता थियो ।




सो अवसरमा विभागका कार्यकारी निर्देशक डा.प्रकाशकुमार श्रेष्ठले ऐन, नियम, नीतिगत व्यवस्थाबारे जानकारी गराई कर्मचारीहरूमा सुपरिवेक्षकीय क्षमता अभिवृद्धि गर्न उक्त कार्यक्रम महत्वपूर्ण रहने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा निर्देशक ईश्वरीप्रसाद नेउपानेले संस्थाको सुपरिवेक्षण पुरा भएपछि समयमै प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख गर्दै कानूनी र नीतिगत व्यवस्थाका आधारमा कैफियत जनाउने र सुपरिवेक्षकीय निर्देशन दिइनुपर्ने आवश्यकतामा जोड दिनुभयो ।

कार्यक्रममा विभागका का.मु.निर्देशक शैलेन्द्र रेग्मीले राष्ट्र बैंकबाट लघुवित्त वित्तीय संस्थाहरूलाई जारी भएको निर्देशन-२०७६ मा समेटिएका नीतिगत व्यवस्थाका सम्बन्धमा वार्ता प्रस्तुत गर्नुभयो ।

सो अवसरमा कर्जा सूचना केन्द्रका सूचना विभाग प्रमुख सुभद्रश्री राजभण्डारी र अन्य अधिकारीले लघुवित्त संस्थाले कर्जा सूचना लिने र सूचना पठाउने क्रममा देखिएका समस्या र समाधानका उपायका सम्बन्धमा वार्ता प्रस्तुत गर्नुभयो । कर्जा सूचनाको अभ्यासलाई गुणस्तरीय, भरपर्दो र प्रभावकारी तुल्याउन राष्ट्र बैंकले सहयोग गर्नुपर्ने आवश्यकतामा उहाँहरूको जोड थियो । कार्यक्रममा विभागका उप-निर्देशकहरू पदमराज रेग्मी, लुमाकान्त भट्टराई, रामकाजी खाइजू र राजनप्रसाद अधिकारीले आ-आफ्नो इकाई/फाँटसँग सम्बन्धित विषयमा मन्तव्य राख्नुभएको थियो ।

# विभिन्न जिल्लामा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम

आपसी सहयोग बचत तथा ऋण सहकारी संस्था लिमिटेडको आयोजनामा २०७६ मंसिर १४ गते तनहुँको भानु नगरपालिका-२ स्थित ठूलो बगैंचामा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम सम्पन्न भयो । नेपाल राष्ट्र बैंकको प्रवर्द्धनमा आपसी सहयोग सहकारीले उक्त कार्यक्रम आयोजना गरेको हो ।

स्थानीय भानु सामुदायिक वित्तीय सहकारी संस्था लिमिटेडको प्राङ्गणमा आयोजित कार्यक्रममा स्थानीय कृषक, महिला, उद्यमी लगायत सय भन्दा बढीको सहभागिता थियो । कार्यक्रममा आपसी सहयोग सहकारीको शिक्षा समितिका संयोजक हरिकृष्ण भट्टराईले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो ।






सो अवसरमा आपसी सहयोग सहकारीका उपाध्यक्ष सुशिल ज्ञवालीले बैंकिङ तथा वित्तीय प्रणालीका आधारभूत विषयवस्तु समेटेर वार्ता प्रस्तुत गर्नुभयो । यस क्रममा उहाँले 'खोलौं बैंक खाता अभियान', खाताको प्रकार, बचत र लगानीको महत्व, आयआर्जनका स्रोत, सहुलियतपूर्ण कर्जा, बचतपत्र, रेमिट्यान्स आप्रवाहको माध्यम, विद्युतीय बैंकिङ प्रविधिको प्रयोग, बीमा सेवा लगायतका विषयवस्तुबारे चर्चा गर्नुभयो ।

कार्यक्रममा आपसी सहयोग सहकारी संस्थाका सल्लाहकार निर्मलकुमार कार्कीले वित्तीय सेवाको बारेमा चर्चा गर्दै सहभागीको तर्फबाट राखिएका जिज्ञासाको जवाफ दिनुभयो । सो अवसरमा भानु-२ का वडाध्यक्ष अर्जुनबहादुर खड्काले आफ्नो वडामा वित्तीय सचेतना कार्यक्रमको आयोजनाप्रति धन्यवाद दिँदै उक्त कार्यक्रमले स्थानीय समुदायमा वित्तीय चेताको स्तर वृद्धि हुने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा भानु सामुदायिक विकास सहकारीका अध्यक्ष हरिराम आचार्यले आफ्नो संस्थाका गतिविधिबारे जानकारी दिँदै वित्तीय साक्षरता कार्यक्रमको महत्वबारे चर्चा गर्नुभयो । सो अवसरमा आपसी सहयोग सहकारी संस्थाका अध्यक्ष दीपक पोखरेलले धन्यवाद मन्तव्य राख्दै कार्यक्रम समापन गर्नुभएको थियो । आपसी सहकारी संस्थाका सचिव युवराज दाहालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

यसैगरी, जवाफदेहिताका लागि गौरीशंकर युवा समूह (जिज्ञासा) ले २०७६ मंसिर २१ गते रामेछापको गोकुलगङ्गा गाउँपालिका-४ स्थित जनजागृति उच्चमाध्यमिक विद्यालयको प्राङ्गणमा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम आयोजना गऱ्यो ।



नेपाल राष्ट्र बैंकको प्रवर्द्धनमा आयोजित उक्त कार्यक्रममा जिज्ञासा, दोलखाका कार्य समिति सदस्य अर्जुनप्रसाद दाहालले वित्तीय सचेतना अभिवृद्धि सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यपत्रमा नेपाल राष्ट्र बैंक र बाणिज्य बैंक तथा वित्तीय संस्थाको परिचय, बैंकिङ प्रणाली, बचत, कर्जा, लगानी, बीमा, पुँजी बजार, विप्रेषण सेवा लगायतका विषयवस्तुलाई समावेश गरिएको थियो ।

सो अवसरमा नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालयका सहायक निर्देशक जितेन्द्रनारायण श्रेष्ठले बाणिज्य बैंक तथा वित्तीय संस्थाबाट हुने सेवा प्रवाह, आधुनिक बैंकिङ प्रणाली, बचत अभ्यासका फाइदा लगायतका विषयमा वार्ता प्रस्तुत गर्नुभयो ।

जनजागृति उमाविका प्रधानाध्यापक गोविन्दबहादुर खत्रीले गोकुलगङ्गामा पहिलो पटक वित्तीय चेतना अभिवृद्धि कार्यक्रम आयोजना भएकोमा धन्यवाद व्यक्त गर्दै यस्तो कार्यक्रमले आउँदा दिनमा समेत निरन्तरता पाउनुपर्ने आवश्यकता औंल्याउनुभयो । कार्यक्रममा वडाका प्रतिनिधि, स्थानीय कर्मचारी, कृषक, महिला, विद्यार्थी लगायत करिब ७५ जनाको सहभागिता थियो ।

यसैगरी, नेपाल राष्ट्र बैंक पूर्व

कर्मचारी संघले २०७६ मंसिर २७ गते गोरखा नगरपालिका - ११ स्थित एघार किलोमा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गऱ्यो ।

वडा नं. ११ का वडाध्यक्ष डिलबहादुर थापाको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा पूर्व कर्मचारी संघका सदस्य किशोरी थापाले नेपालको वित्तीय प्रणाली, बचत/कर्जाको परिचय, सफा नोट नीति आदि विषयमा जानकारी दिनुभयो । उपाध्यक्ष सिद्धीकृष्ण जोशीले बचत/कर्जा खाताका प्रकार, बीमा, नोट छपाइ प्रक्रिया, ग्राहक पहिचान, एटीएम सेवा लगायतका विषयमा सहभागीहरूलाई जानकारी दिनुभयो । सो अवसरमा उपाध्यक्ष जोशी र नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालयका सहायक निर्देशक विष्णुदत्त पाण्डेयले सहभागीको जिज्ञासाको जवाफ दिनुभएको थियो ।



कार्यक्रम स्थानीय स्वास्थ्य चौकी प्रमुख रामकाजी दवाडीको सभापतित्वमा सम्पन्न भएको थियो ।

यसैगरी, पूर्व कर्मचारी संघले ललितपुर जिल्लाको सुन्दरबजार नगरपालिका-७ मा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम आयोजना गऱ्यो । सुन्दरबजार नगरपालिकाका मेयर जनकराज मिश्रको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा स्थानीय कृषक, महिला, विद्यार्थी लगायतको सहभागिता थियो । कार्यक्रम कृषि तथा पशु विज्ञान अध्ययन संस्थाका निमित्त क्याम्पस प्रमुख कपिल काफ्लेको सभापतित्वमा सम्पन्न भएको थियो ।

# ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न

नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालयले २०७६ मंसिर ४ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो ।

आ.व. २०७६/७७ को निम्ति स्वीकृत वार्षिक कार्ययोजना अन्तर्गत गभर्नरको कार्यालयले दोस्रो पटक उक्त कार्यक्रम आयोजना गरेको हो । बैंक तथा वित्तीय संस्था नियमन विभागको सभाकक्षमा आयोजित कार्यक्रममा कार्यालयका उप-निर्देशक सुरेशकुमार दाहालले "Self Management: A Perspective from Spiritual Dimension" शीर्षकमा वार्ता प्रस्तुत गर्नुभयो ।

सो क्रममा उप-निर्देशक दाहालले Self Management को अवधारणा, यसका विविध पक्ष, कार्यस्थल तथा दैनिक जीवनयापनमा यसले पार्ने सकारात्मक प्रभावका साथै सन्तुलित व्यक्तित्व विकासका आयामहरूबारे चर्चा गर्नुभयो ।



कार्यक्रममा नेपाल राष्ट्र बैंकका विभिन्न विभाग/कार्यालयका प्रतिनिधिको सहभागिता थियो । गभर्नरको कार्यालयका कार्यकारी निर्देशक डा.नेफिल मातङ्गि मास्केले उपस्थित सबैलाई धन्यवाद ज्ञापन गर्दै कार्यक्रम समापन गर्नुभयो । कार्यालयका उप-निर्देशक सुशिल ज्ञवालीले उक्त कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

यसैगरी, नेपाल राष्ट्र बैंक, जनकपुर कार्यालयले २०७६ मंसिर २४ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो ।

सो अवसरमा कार्यालयका निर्देशक हिमप्रसाद न्यौपानेले 'नेपालमा वित्तीय पहुँच र समावेशिताका केही आयामहरू' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यपत्रमा नेपालको वित्तीय प्रणाली, वित्तीय पहुँच र समावेशीकरणको सैद्धान्तिक अवधारणा, नेपालमा वित्तीय पहुँच र समावेशीकरणका लागि भएका नीतिगत अभ्यास, विद्यमान अवस्था, सुधारका पक्ष लगायतका विषयवस्तुहरू समेटिएको थियो । सो क्रममा निर्देशक न्यौपानेले प्रदेशगत रूपमा वित्तीय पहुँच र समावेशीकरणको तुलनात्मक आँकडा समेत प्रस्तुत गर्नुभएको थियो ।



कार्यक्रममा उप-निर्देशक मेदनीप्रसाद पोखरेलले वित्तीय समावेशीताको तीन आयामहरू वित्तीय पहुँच, वित्तीय सेवाको उपयोग र सेवाको गुणस्तरको विषयमा चर्चा गर्नुभयो । यसैगरी, का.मु. उप-निर्देशक डा.रमेश चौलागाईंले वित्तीय साक्षरता अभिवृद्धिको निम्ति विद्यालय तहको पाठ्यक्रममा वित्तीय प्रणालीको आधार भूत विषयवस्तुलाई समेट्नुपर्ने आवश्यकतामा जोड दिनुभयो । जनकपुर कार्यालयका सहायक निर्देशक अनिलकुमार झाले सञ्चालन गर्नुभएको थियो ।

# रूपन्देहीमा सहुलियतपूर्ण कर्जासम्बन्धी अन्तरक्रिया

नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर कार्यालयले २०७६ मंसिर २० गते रूपन्देहीको मणिग्राममा सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक देवकुमार ढकालको प्रमुख आतिथ्यमा कार्यालयले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा प्रदेश नं. ५ स्थित भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कृषि ज्ञान केन्द्र, पशु विज्ञ केन्द्रका प्रतिनिधिहरू, रूपन्देहीस्थित उद्योगी/व्यवसायी सम्मिलित संस्थाका प्रतिनिधिहरू, वाणिज्य बैंकका प्रदेश कार्यालयका प्रमुखहरू, विकास बैंकका प्रमुख कार्यकारी अधिकृत, बैंक तथा वित्तीय संस्थाका शाखा प्रमुख, सञ्चारकर्मी, अगुवा कृषक र अन्य सरोकारवाला लगायतको सहभागिता थियो ।

कार्यक्रममा बैंक तथा वित्तीय संस्था नियमन विभागका उप-निर्देशक केशवप्रसाद तिमिल्सिनाले सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधिमा भएको मुख्य विशेषताहरू समेटिएको कार्यपत्र प्रस्तुत गर्नुभयो। २०७६ असोज मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाबाट करिब ३९ अर्ब रूपैयाँ सहुलियतपूर्ण कर्जा प्रवाह भएको जानकारी दिनुभयो ।




सो अवसरमा नियमन विभागका कार्यकारी निर्देशक देवकुमार ढकालले सरकारले परिकल्पना गरेको समृद्ध नेपालको लक्ष्यलाई पुरा गर्नको निम्ति आर्थिक क्रियाकलापहरू सञ्चालन गर्न र थप रोजगारीका अवसर सिर्जना गर्न सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान कार्यक्रम फलदायी हुने बताउनुभयो ।

कार्यक्रममा सिद्धार्थनगर कार्यालयका निर्देशक राजेन्द्र भट्टराईले सहुलियतपूर्ण कर्जा कार्यक्रमको कार्यान्वयनबाट कृषि तथा पशुपंक्षीजन्य व्यवसाय र रोजगारीको प्रवर्द्धन, स्वरोजगारको सिर्जना, उद्यमशीलताको विकासमा टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा प्रदेश नं. ५ स्थित, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका महाशाखा प्रमुख विनोद घिमिरे, कृषि ज्ञान केन्द्र अर्घाखाँचीका प्रमुख देवेशकुमार मिश्र, नेपाल बैंक लिमिटेड, प्रदेश नं. ५ कार्यालयका प्रमुख पासाङ दोर्जी शेर्पा, बुटवल उद्योग वाणिज्य संघका कार्यबाहक अध्यक्ष उज्ज्वल कसजु, नेपाल इन्भेष्टमेन्ट बैंकको प्रदेश प्रमुख रामराज उपाध्याय, नबिल बैंकका शाखा प्रमुख यज्ञप्रसाद शर्मा, कृषि विकास बैंकका प्रदेश निर्देशक चन्द्रसिं थापा, शाइन रेसुङ्गा डेभलपमेन्ट बैंकका प्रमुख कार्यकारी अधिकृत प्रकाश पौडेल लगायतले सहुलियतपूर्ण कर्जाको महत्वमाथि आ-आफ्नो धारणा राख्नुभएको थियो ।

सो अवसरमा सिद्धार्थनगर कार्यालयका उप-निर्देशक विवेक कोइरालाले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्य र महत्वमाथि प्रकाश पार्नुभएको थियो । कार्यालयका सहायक निर्देशक रमेशकुमार न्यौपानेले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# दाङमा 'विद्यार्थीसँग नेपाल राष्ट्र बैंक' कार्यक्रम

दाङ जिल्लाको हापुरस्थित हापुर माध्यमिक विद्यालयले २०७६ मंसिर २७ गते 'विद्यार्थीसँग नेपाल राष्ट्र बैंक' कार्यक्रम आयोजना गऱ्यो ।

विद्यालयमा अध्ययनरत विद्यार्थी, कार्यरत शिक्षक तथा कर्मचारीको सहभागिता रहेको उक्त कार्यक्रममा नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालयका सहायक निर्देशक मनोजकुमार के.सी.ले राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्थाको संक्षिप्त परिचय दिँदै ती संस्थाबाट सर्वसाधारणले प्राप्त गर्न सक्ने सेवा/सुविधा लगायतका विषयमा वार्ता प्रस्तुत गर्नुभयो ।




वित्तीय सेवाको उपयोगबाट ग्रामीण क्षेत्रका बासिन्दालाई उद्यमी बन्न मद्दत पुग्ने उल्लेख गर्दै उहाँले बचत गर्ने बानीको विकास, कर्जाको सदुपयोग, सफा नोट नीति, ग्राहक पहिचान, गुनासो सुनुवाई, सहुलियतपूर्ण कर्जा लगायतका विषयमा समेत जानकारी दिनुभयो । साथै, उहाँले सहभागीका जिज्ञासाको जवाफ समेत दिनुभएको थियो ।

कार्यक्रममा हापुर माध्यमिक विद्यालयका प्रधानाध्यापक अर्जुनकुमार न्यौपानेले 'विद्यार्थीसँग नेपाल राष्ट्र बैंक' कार्यक्रम विस्तार गर्नुपर्ने आवश्यकता औंल्याउँदै कार्यक्रम सञ्चालनको निम्ति राष्ट्र बैंकलाई धन्यवाद दिनुभएको थियो ।

# वैदेशिक तालिम/सेमिनारमा सहभागिता

राष्ट्र ऋण व्यवस्थापन विभागका कार्यकारी निर्देशक नीलम तिम्सिना ढुंगाना IMF ले २०१९ डिसेम्बर ४-६ मा अमेरिकाको वासिङ्गटन डीसीमा आयोजना गरेको 2019 Cybersecurity Supervision Workshop: Approaches and Tools to build Cyber Resilience विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

विकास बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक ऋषिकेश भट्ट APEC-FRTI/Bank of Thailand द्वारा २०१९ डिसेम्बर १६-१९ मा थाइल्याण्डको बैंककमा आयोजित Cross Boarder Resolution/Crisis Management विषयक कार्यक्रममा सहभागी हुनुभयो। कानून महाशाखाका निर्देशक रेवतीप्रसाद नेपाल, नेपालगञ्ज कार्यालयका सहायक निर्देशक किरणकुमार श्रेष्ठ र बैंकर्स प्रशिक्षण केन्द्रका सहायक निर्देशक (कम्प्युटर) बलराम जोशी समेत उक्त कार्यक्रममा सहभागी हुनुहुन्थ्यो ।

वित्त कम्पनी सुपरिवेक्षण विभागका का.मु. कार्यकारी निर्देशक रविन्द्र महर्जन State Bank of Pakistan द्वारा २०१९ डिसेम्बर १८-२० मा पाकिस्तानको इस्लामावादमा आयोजित Emerging Trends in Good Governance of Banking Sector in SAARC Region विषयक कार्यक्रममा सहभागी हुनुभयो। बैंक सुपरिवेक्षण विभागका उप-निर्देशक सत्येन्द्रराज सुवेदी समेत उक्त कार्यक्रममा सहभागी हुनुहुन्थ्यो ।

यसैगरी, पोखरा कार्यालयका निर्देशक डा.डिल्लीराम पोखेल UNESCAP, United Nations द्वारा २०१९ नोभेम्बर २१-२२ मा कम्बोडियामा आयोजित Workshop on Fostering Financial Inclusion, Digital Financial Services and MSMEs विषयक कार्यक्रममा सहभागी हुनुभयो । बैंकिङ कार्यालयका निर्देशक सृजना बास्तोला Standard Chartered Bank द्वारा २०१९ डिसेम्बर १२-१३ मा भियतनामको हनोइमा आयोजित South Asia Correspondent Banking Workshop विषयक कार्यक्रममा सहभागी हुनुभयो। सोही कार्यालयका सहायक निर्देशक सरिता श्रेष्ठ समेत उक्त कार्यक्रममा सहभागी हुनुहुन्थ्यो ।

जनशक्ति व्यवस्थापन विभागका निर्देशक बुद्धराज शर्मा The Istanbul School of Central Banking (ISCB) द्वारा २०१९ नोभेम्बर २५-२७ मा टर्कीको इस्तानबुलमा आयोजित An Inclusive Financial Risk Management Approach for Central Banks विषयक कार्यक्रममा सहभागी हुनुभयो । अनुसन्धान विभागका उप-निर्देशक नवीना ढकाल IMF-SARTTAC ले २०१९ डिसेम्बर १६-२० मा भारतको नयाँ दिल्लीमा आयोजना गरेको Exhange Rate Policy विषयक कार्यक्रममा सहभागी हुनुभयो । विदेशी विनिमय व्यवस्थापन विभागका सहायक निर्देशकत्रय माधवप्रसाद अधिकारी, कल्पनादेवी पौडेल (भट्टराई) र पुष्करराज भट्टराई समेत उक्त कार्यक्रममा सहभागी हुनुहुन्थ्यो ।

बैंक तथा वित्तीय संस्था नियमन विभागका उप-निर्देशक राजेशप्रसाद शर्मा Reserve Bank of India (RBI) ले २०१९ डिसेम्बर १६-२० मा भारतको चेन्नईमा आयोजना गरेको International Program on Banking Regulation विषयक कार्यक्रममा सहभागी हुनुभयो । विकास बैंक सुपरिवेक्षण विभागका सहायक निर्देशकद्वय पूर्णबहादुर शाह र सुमनकुमार नेपाल, बैंक तथा वित्तीय संस्था नियमन विभागका सहायक निर्देशक दिपेश प्रधान र जनशक्ति व्यवस्थापन विभागका सहायक निर्देशक ममिता गुरुङ स्वाँर समेत उक्त कार्यक्रममा सहभागी हुनुहुन्थ्यो । विदेशी विनिमय व्यवस्थापन विभागका उप-निर्देशक कृष्णशरण फुयाल The International Banking and Finance Institute (IBFI) द्वारा २०१९ नोभेम्बर २५-२८ मा फ्रान्सको पेरिस आयोजित Back-Office Operations विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

यसैगरी, सूचना प्रविधि विभागका उप-निर्देशक (सू.प्र.) सौरभदास मानन्धर Bank for International Settlements द्वारा २०१९ नोभेम्बर २६-२७ मा स्विट्जरल्याण्डको बासेलमा आयोजित CMPI-FSI Policy Implementation Meeting on Development in Authorities Expectations in Dealing with Cyber Risk विषयक कार्यक्रममा सहभागी हुनुभयो। वित्तीय जानकारी इकाईका सहायक निर्देशक दिलबहादुर सुब्बा आङ्देम्बे Government of India द्वारा २०१९ डिसेम्बर २-७ मा भारतको नयाँ दिल्लीमा आयोजित Special Training Programme for Nepal Officials(Money Laundering-III) विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

कानून महाशाखाका सहायक निर्देशक सुमन आचार्य IMF-STI ले २०१९ डिसेम्बर २-६ मा सिंगापुरमा आयोजना गरेको Legal Aspects of International Financial Institutions विषयक कार्यक्रममा सहभागी हुनुभयो। बैंक सुपरिवेक्षण विभागका सहायक निर्देशक सौरभ पोखरेल IMF-STI ले २०१९ नोभेम्बर २५-२९ मा सिंगापुरमा आयोजना गरेको ST 1.26 Macro Stress Testing II (Advanced) विषयक कार्यक्रममा सहभागी हुनुभयो । अनुसन्धान विभागका सहायक निर्देशकद्वय टीकाराम तिमिल्सिना र चोपकान्त सुवेदी तथा विदेशी विनिमय व्यवस्थापन विभागका सहायक निर्देशक रागनी सिंह IMF-SARTTAC ले २०१९ डिसेम्बर ९-१३ मा भारतको नयाँ दिल्लीमा आयोजना गरेको Managing Capital Flows विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

## अवकाश

बैंकिङ कार्यालयका उप-निर्देशक हरिप्रसाद आचार्यले राजीनामा गरी २०७६ मंसिर ५ गतेदेखि बैंक सेवाबाट अवकाश लिनुभएको छ । यसैगरी, जनकपुर कार्यालयका सहायक किशोरी मण्डल, विराटनगर कार्यालयका उप-सहायक (अ.मा.) नरेन्द्रप्रसाद मैनाली र भुक्तानी प्रणाली विभागका कार्यालय सहयोगी (चतुर्थ) कल्पना कार्कीले बैंक सेवाबाट अनिवार्य अवकाश पाउनुभएको छ ।

# पाल्पामा 'विद्यार्थीसँग नेपाल राष्ट्र बैंक' कार्यक्रम सम्पन्न

नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालयले २०७६ मंसिर २७ गते पाल्पा जिल्लाको रिब्दिकोट-५, कुसुमखोलास्थित भवानी माध्यमिक विद्यालयमा 'विद्यार्थीसँग नेपाल राष्ट्र बैंक' कार्यक्रम आयोजना गऱ्यो । गभर्नर डा.चिरंजीबि नेपालको प्रमुख आतिथ्यमा उक्त कार्यक्रम आयोजना गरिएको हो ।

सो अवसरमा गभर्नर डा. नेपालले वित्तीय साक्षरता नै वित्तीय पहुँच र समावेशीकरणको आधारशीला रहेको उल्लेख गर्दै वित्तीय साक्षरताको महत्वबारे चर्चा गर्नुभयो । आफूले सिकेका वित्तीय साक्षरताको ज्ञानलाई आफ्नो अभिभावकसम्म पुऱ्याउन समेत उहाँले उपस्थित विद्यार्थीहरूलाई आग्रह गर्नुभयो । साथै, वित्तीय प्रणालीका आधारभूत विषयवस्तुलाई विद्यालय तहको पाठ्यक्रममा समेटेर विद्यालयलाई वित्तीय साक्षरताको प्राथमिक थलोको रूपमा स्थापित गर्नुपर्ने आवश्यकतामा गभर्नर डा.नेपालले जोड दिनुभयो । सो अवसरमा गभर्नर डा.नेपालले शारीरिक रूपमा अशक्त विद्यार्थीहरूलाई कापी र कलम समेत हस्तान्तरण समेत गर्नुभयो ।




कार्यक्रममा विद्यार्थी, शिक्षक, व्यवस्थापन समितिका पदाधिकारी, अभिभावक लगायतको सहभागिता थियो । सो अवसरमा गभर्नरको कार्यालयका निर्देशक गोविन्दप्रसाद नागिलाले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो । कार्यक्रममा नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर कार्यालयका निर्देशक राजेन्द्र भट्टराईले प्रदेश नं.५ मा बैंक तथा वित्तीय संस्थाको उपस्थिति र वित्तीय पहुँच विस्तारबारे जानकारी दिनुभयो ।

गभर्नरको कार्यालयका उप-निर्देशक सुशिल ज्ञवालीले वित्तीय साक्षरता, नेपाल राष्ट्र बैंक र अन्य बैंक तथा वित्तीय संस्थाको परिचय, बचत, कर्जा, पारिवारिक बजेट, वित्तीय अनुशासन, विप्रेषण, लघु व्यवसाय र बीमा, सहुलियतपूर्ण कर्जा, ग्राहक संरक्षण, नोटको हिफाजत लगायतका विषयवस्तुबारे चर्चा गर्नुभयो ।

कार्यक्रममा शाईन रेसुङ्गा डेभलपमेन्ट बैंकका प्रमुख कार्यकारी अधिकृत प्रकाश पौडेलले बैंकिङ सुविधाको उपयोग गर्न उपस्थित सबैलाई अनुरोध गर्नुभयो । सो अवसरमा उहाँले आफ्नो बैंकको तर्फबाट विद्यालयलाई ल्यापटप र प्रोजेक्टर हस्तान्तरण समेत गर्नुभएको थियो ।

भवानी माध्यमिक विद्यालय, व्यवस्थापन समितिका अध्यक्ष सरस्वतीकुमार श्रेष्ठको सभापतित्वमा सम्पन्न कार्यक्रममा प्रधानाध्यापक रुद्रप्रसाद आचार्यले विद्यालयको संक्षिप्त चिनारीसहित स्वागत मन्तव्य राख्नुभएको थियो ।

# वीरगञ्जमा सुपर सिक्सेस क्रिकेट आयोजना

नेपाल राष्ट्र बैंक कर्मचारी संघ, वीरगञ्ज समितिले वीरगञ्जमा बैंक तथा वित्तीय संस्था र निजामती कर्मचारीहरूबीच सुपर सिक्सेस क्रिकेट प्रतियोगिता आयोजना गऱ्यो ।

२०७६ मंसिर २८ गते आदर्शनगर खेल मैदानमा आयोजित एक कार्यक्रमका बीच डेपुटी गभर्नर चिन्तामणि शिवाकोटी र नेपाल राष्ट्र बैंक कर्मचारी संघका केन्द्रीय अध्यक्ष डुण्डीराज मिश्रले संयुक्त रूपमा उद्घाटन गर्नुभयो ।



सो अवसरमा डेपुटी गभर्नर शिवाकोटीले यस्ता प्रतियोगिताले बैंक तथा वित्तीय संस्थाका कर्मचारीवीचको सम्बन्धलाई थप सुदृढ तुल्याउने विश्वास व्यक्त गर्नुभयो । क्रिकेट प्रतियोगितामा नेपाल राष्ट्र बैंक, वीरगञ्ज कार्यालयसहित २३ बैंक तथा वित्तीय संस्था र दुई स्थानीय तहको सहभागिता थियो । उद्घाटन कार्यक्रममा वीरगञ्ज कार्यालयका निर्देशक राजनविक्रम थापा, संघका अध्यक्ष ढुण्डीराज मिश्र, उपाध्यक्ष रुद्रप्रसाद तिम्सिना, वीरगञ्ज समितिका अध्यक्ष कृष्णकुमार श्रेष्ठ लगायतले सम्बोधन गर्नुभएको थियो ।

*प्रकाशक*
**नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा**
**बालुवाटार, काठमाण्डौं, फोन : ४४१९८०४**, Ext .: **१३९/३६२**
**ईमेल :** samachar@nrb.org.np, **वेबसाईट :** www.nrb.org.np

*सम्पादक*
**सुशिल ज्ञवाली**

*सम्पादन सहयोगी*
**विष्णुदत्त पाण्डेय**
**लालकुमार सुवेदी**
**नवीना ताम्राकार**

*मुद्रण :* **अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन, अनामनगर, काठमाडौं,** *फोन नं.* **०१-५७०६११६, ५७०५९१८**